"समुन्नत सम्पदा दिगो पूर्वाधार ,समृद्ध कनकाईको मूल आधार"

# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

जामुनबारी, झापा
कोशी प्रदेश, नेपाल

पत्र संख्याः ०८३/०८४
(प्रशासन शाखा)

मितिः २०८३-०५-१८
ने.सं.: ११४६ गुँलागा ७ बिहीवार

सुचना नं. :31

हार्दिक अपिल सम्बन्धमा ।
( प्रकाशित मितिः- २०८३।०५।१८ )

मिति २०८३।०५।१० गते बुधवारका दिन रसुवा जिल्लाको भोटेकोशी नदीमा आकस्मिक आएको विनासकारी बाढीका कारण रसुवा, नुवाकोट, धादिङ्ग, गोरखा लगायतका जिल्लामा त्रिशुली र नारायणी नदीको तटीय क्षेत्रमा व्यापक जनधनको क्षति भएका कारण कनकाई नगरपालिका अत्यन्त दुखी एवम् मर्माहत भएको छ । उक्त प्राकृतिक विपत्तिमा परि दिवंगत हुनुहुने सम्पूर्ण नागरिकहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजन प्रति गहिरो समवेदना व्यक्त गर्दछौं । बाढीका कारण घाइते तथा प्रभावित हुनु भएका सम्पूर्ण नागरिकहरुको शिघ्र स्वास्थ्यलाभ तथा पुनःस्थापनाको कामना गर्दछौं । साथै सम्पर्क विहिन रहनु भएका नागरिकहरुको फिर्तिको कामना गर्दछौं । स्थानीय विपद व्यवस्थापन समितिको मिति २०८३।०५।१८ गतेको निर्णयानुसार यस दुखद घडीमा प्रभावित नागरिकहरुको राहत तथा उद्धार कार्यमा आवश्यक सहयोग र समन्वयका लागि मिति २०८३।०५।२५ गतेसम्ममा नगरपालिका क्षेत्र भित्र रहेका राजनैतिक दल, सामुदायिक वन, सहकारी संस्था तथा गैर सरकारी संघ संस्था एवम् इच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहुन हार्दिक अपिल गर्दछौं ।

**आवश्यक समन्वयका लागि**

विपद् सम्पर्क व्यक्ति : अनुप प्रसाद रेग्मी
सम्पर्क नं : ९८५२८३५९६८

राजेन्द्र कुमार पोखरेल
नगर प्रमुख

Contact No:-023401155, Website:-kankaimun.gov.np, Email:-kanakai.mun@gmail.com ,info@kankaimun.gov.np

Scanned with CamScanner